आज मिति २०८३ साल असारको ९ गते मंगलबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८२/०८३ को चौधौं बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)

२. श्री उमा गोतामे (उप प्रमुख)

३. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)

४. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)

५. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)

६. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)

७. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)

८. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)

९. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)

१०. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)

११. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)

१२. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)

१३. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)

१४. श्री बेल बहादुर अधिकारी (वडाध्यंक्ष १२ नं.वडा)

१५. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)

१६. श्री विन्दा रानाभाट (का.पा. सदस्य)

१७. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)

१८. श्री प्रविना थापा मगर (का.पा. सदस्य

१९. श्री रविन भुजेल (का.पा. सदस्य)

२०. श्री राजु सुर्खाली (का.पा. सदस्य)

२१. श्री सावित्री सुनार (का.पा. सदस्य)

२२. श्री सकिना खातुन (का.पा. सदस्य)

२३. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

२४. श्री सुरज श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)

२६. श्री अमृता बस्नेत (सहायक प्रशासकीय अधिकृत)

२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुलेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०३/०९ गते बसेको आ.व.२०८२/०८३ चौधौं बैठक

प्रस्ताव/एजेण्डाहरुः-

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको तेह्रौं बैठकको समीक्षा सम्बन्धमा ।
२. नियमावली तथा कार्यविधिहरु सम्बन्धमा ।
३. मालपोत रजिष्ट्रेशन दस्तुर मूल्याङ्कन सम्बन्धमा ।
४. विनियोजन ऐन, २०८३ सम्बन्धमा ।
५. आर्थिक ऐन, २०८३ सम्बन्धमा ।
६. निती तथा कार्यक्रम सम्बन्धमा ।
७. विविध विषय सम्बन्धमा

निर्णय नं.१ भानु नगरकार्यपालिकाको आ.व. २०८२/०८३ को तेह्रौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

निर्णय नं. २ भानु नगरपालिकाको तपसिल बमोजिमका नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय तपसिलः

क) भानु नगरपालिका आकास्मिक महामारी रोग निवारण तथा द्रुत प्रतिक्रिया कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

ख) भानु नगरपालिकाको सहकारी नियमावली, २०८३ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

ग) भानु नगरपालिका उपभोक्ता समिति मार्फत आयोजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ भानु नगरपालिकाको मालपोत प्रयोजनको लागि आर्थिक वर्ष २०८३/०८४ मा जग्गाको मूल्याङ्कन रकम आर्थिक वर्ष २०८२/०८३ कै मूल्याङ्कनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ भानु नगरपालिकाको आ.व.२०८३/०८४ को लागि तर्जुमा गरिएको योजना, कार्यक्रम तथा बजेट सहितको विनियोजन विधेयक, २०८३ स्वीकृतीका लागि १८ औं नगरसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ भानु नगरपालिकाको आ.व.२०८३/०८४ को लागि तर्जुमा गरिएको कर, राजश्व, दस्तुर शुल्क सहितको आर्थिक विधेयक, २०८३ स्वीकृतीका लागि १८ औं नगरसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.६ भानु नगरपालिकाको आ.व.२०८३/०८४ को लागि तर्जुमा गरिएको नीति तथा कार्यक्रम स्वीकृतीका लागि १८ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२०८३/०३/०९
आजन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्गटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ७ विविध विषयका सम्बन्धमा ।

क) भानु नगरपालिकाको मित २०८३/०१/१० गतेको निर्णय नं. ५ मा भानु नगरपालिका वडा नं. ७ को शेराफाँट टोल स्थित कच्ची बाटो निर्माणको लागि प्राविधिक स्टिमेटको आधारमा नगरपालिकाको ब्याक हो लोडर उपलब्ध गराउने निर्णय गरिएता पनि उक्त ब्याक हो लोडर मर्मत गर्नुपर्ने भएकोले सम्बन्धित वडा प्राविधिकको स्टिमेटको आधारमा अन्य ब्याक हो लोडर प्रयोग गरी प्राप्त प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

ख) मुग्लिन पोखरा सडक आयोजना (पूर्वी खण्ड) अन्तर्गत कार्यालय प्रयोजनका लागि भानु नगरपालिका व डा नं. १ साझबोटेमा रहेको यान्त्रिक कार्यालयको परिसर भित्र (साविक दोरदोर ५/ज कित्ता नं. ५२ र ५३) मा कार्यालय भवन र आवासीय भवन निर्माण गर्नका लागि मिति २०७८/११/१२ गते निर्माण कम्पनी चाइना कम्युनिकेशन्स कन्स्ट्रक्सन कम्पनी लिमिटेड (CCCC) लाई प्लिन्थ लेबल सम्म निर्माण कार्य गर्न स्वीकृत दिइएको र प्लिन्थ लेबलको कार्य सम्पन्न पछि मिति २०७९/०५/०२ मा सुपरस्ट्रक्चर निर्माण कार्यको लागि अनुमती दिइएको थियो । निर्माण कार्य सम्पन्न प्रमाणपत्र लिन यस कार्यालयमा निर्माण सम्पन्न गरी मिति २०८३/०३/०३ गते निर्माण कम्पनी (CCCC) ले निवेदन पेश गरेको साथै मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) को कार्यालयको पनि च.नं. १७७, मिति २०८३/०३/०३ गते निर्माण सम्पन्न प्रमाण पत्रको लागि सहजिकरण गरिदिनु हुन भनी पत्र प्राप्त भएको तर प्रथम चरणको इजाजत पत्र लिएको २ बर्ष भित्र निर्माण कार्य सम्पन्न गरी सम्पन्न प्रमाणपत्र लिइ सक्नु पर्ने नियम रहेकोमा निर्माण कम्पनीले सो अवधि पछि मात्र भवन सम्पन्न प्रमाणपत्र जारी गरिदिनु भनी यस कार्यालयमा आउनु भएको हुदाँ जरिवाना बापत प्रति sq.ft. चालु आर्थिक वर्षमा तोकिएको दस्तुरको दोब्बर राजश्व लिई मात्र निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्ने निर्णय गरियो ।

ग) भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत कर्तव्यनिष्ठ कर्मचारीहरु मध्ये तोकिएको काम, कर्तव्य, अधिकार र उत्तरदायित्वप्रति कर्तव्यनिष्ठ र ईमान्दार भई कार्यालयको कार्यसम्पादनमा विशेष योगदान पुऱ्याउने तपसिल बमोजिमका कर्मचारीहरुको कार्यको उच्च मूल्याङ्कन गर्दै रु.२५०५ नगद पुरस्कार सहित नगरसभामा पुरस्कृत तथा सम्मान गर्नेका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | पद. | नाम थर |
|---|---|---|
| १. | वरिष्ठ लेखा अधिकृत | श्री नवराज लौडारी |
| २. | प्रशासकीय अधिकृत | श्री कृपाहरि लौडारी |
| ३. | कृषि स्नातक | श्री विपिन श्रेष्ठ |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुल्लेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| ४. | सिनियर सब ईन्जिनियर | श्री धन कुमार लामा तामाङ |
| ५. | सि.अ.हे.व. | श्री सुवाष देवकोटा |
| ६. | वरिष्ठ प्रशासन सहायक | श्री होम बहादुर भण्डारी |
| ७. | सब ईन्जिनियर | श्री रञ्जेश श्रेष्ठ |
| ८. | सि.अ.हे.व. | श्री रमेश जि.सी. |
| ९. | वरिष्ठ वैद्य | श्री रविन धिताल |
| १०. | प्रशासन सहायक | श्री दिपक तिवारी |
| ११. | प्रशासन सहायक | श्री श्रवण श्रेष्ठ |
| १२. | प्रशासन सहायक | श्री तारा बुढाथोकी |
| १३. | नायब पशु सेवा प्राविधिक | श्री अनिता बि.क. |
| १४. | अ.हे.व. | श्री सुस्मा गिरी |
| १५. | कार्यालय सहयोगी | श्री कृष्ण बहादुर भुजेल |
| १६. | कार्यालय सहयोगी | श्री लाल बहादुर गुरुङ |
| १७. | कार्यालय सहयोगी | श्री निर बहादुर खवास |
| १८. | कार्यालय सहयोगी | श्री सुनिता कुमाल |
| १९ | कार्यालय सहयोगी | श्री सुनिता रावल |
| २०. | नगर प्रहरी जवान | श्री आविष्कार सुनार |
| २१. | सरसफाई कर्मचारी | श्री अम्मर रुचाल |

घ) भानु न.पा.को आ.व.२०८२/०८३ मा तपसिल बमोजिमका विषयतग समितिहरुबाट प्रस्तुत कार्य प्रगति विवरण पारित गर्ने निर्णय गरियो ।

तपसिलः

१. न्यायिक समिति
२. आर्थिक विकास समिति
३. सामाजिक विकास समिति
४. पूर्वाधार विकास समिति
५. वातावरण तथा विपद व्यवस्थापन समिति
६. विधायन समिति
७. सार्वजनिक सेवा तथा क्षमता विकास समिति

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२०८३/०३/०३
आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्टार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

ङ) भानु नगरपालिकाको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत आन्तरिक श्रोतमा नेपाल शिक्षक महासंघ कार्यालय व्यवस्थापन तथा शैक्षिक अवलोकन भ्रमण शीर्षकमा रु.४,००,००० ।(अक्षेरुपी चार लाख मात्र) बजेटबाट मिति २०८२/१२/२५ देखि २८ गते सम्म शैक्षिक अवलोकन भ्रमण सम्पन्न गरी आएको हुदाँ आवश्यक विल भरपाइको आधारमा पेश्की पछ्यौंट गरी रकम भुक्तानीको लागि आर्थिक प्रशासन शाखा प्रमुख नवराज लौडारी र प्रमुख प्रशासकीय अधिकृत सुरज श्रेष्ठलाई निर्देशन दिने निर्णय गरियो ।

च) नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को बजेट मार्फत संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, कास्की द्वारा कार्यान्वयन गर्ने गरी यस भानु नगरपालिकाका वडा नं. ९,७ र ६ लाई जोड्ने **"थानीमार्ग–बाईसजागर देखि थानीथान हुँदै टुहुरे जाने सडक स्तरोन्नति"** शीर्षकमा रु. १०,००,००,०००।–(अक्षरेपी १० करोड रुपैयाँ) विनियोजन भएको छ।

ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थल थानीमाई मन्दिर (थानीकोथान) पुग्नका लागि विभिन्न दिशाहरूबाट ४ वटा मुख्य मार्गहरू रहेका छन्। उक्त स्थानमा श्रद्धालु भक्तजन, पर्यटक तथा स्थानीय लाभग्राहीहरूको सहज, सुरक्षित र बाह्रै महिना पहुँच सुनिश्चित गर्नका लागि देहायका चारै वटा मार्गहरूलाई एकीकृत रूपमा निर्माण तथा स्तरोन्नति गर्न अत्यावश्यक देखिएको छः १. बाईसजागर – थानीकोथान मार्ग २. चन्द्रावती – थानीकोथान मार्ग ३. अर्चाल्धारा – लौदारीभञ्ज्याङ्ग – थानीकोथान मार्ग ४. टुहुरेपसल – थानीकोथान मार्ग

उक्त योजनाको संवेदनशीलता, भौगोलिक अवस्था र बजेटको प्रभावकारी उपयोग सुनिश्चित गर्नका लागि यस आयोजनालाई **बहुवर्षीय ठेक्का (Multi-year Contract)** प्रक्रियामा लैजानु अनिवार्य देखिएको छ।

सो क्षेत्रको समग्र विकास र चारै दिशाबाट पहुँच मार्ग निर्माण गर्ने कार्यलाई व्यवस्थित बनाउन उक्त सडक स्तरोन्नति आयोजनालाई बहुवर्षीय ठेक्काको रूपमा प्रक्रिया अगाडि बढाइदिनका लागि नेपाल सरकार पूर्वाधार विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो। साथै, सो अनुरोध पत्र तथा कार्ययोजना स्वीकृतिका लागि आगामी नगर **सभाको बैठकमा** निर्णयार्थ सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

छ) तनहुँ जिल्ला भानु नगरपालिका बाँके लौडारी मार्ग स्तरोन्नती कार्यमा १० करोड विनियोजन भएकोले उक्त मार्गको पनि बहुवर्षीय ठेक्काका लागि सम्बन्धित मन्त्रालय मार्फत अर्थ मन्त्रालयबाट स्वीकृत गरी बहुवर्षीय ठेक्कामा अगाडी बढाइदिनका लागि अनुरोध गर्नका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

ज) भानु नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम महिलाहरुको लागि ढाका तथा जनजाती कपडा बुनाँई तालिम शीर्षकको कार्यक्रम सञ्चालन गर्दा सामग्री राख्नको लागि सम्झौता बमोजिम सत्यवती आमा समूहको नाममा ६ महिनालको हलभाडा १० प्रतिशत



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्दराज त्रिपाठी
२०८३/०३/०३
आनन्द राज त्रिपाठी
प्रमुख

करकट्टी गरी रु.५४,०००। (अक्षेरुपी चवन्न हजार मात्र) महिलाहरुको लागि ढाका तथा जनजाती कपडाबुनाई शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

झ) भानु नगरपालिका वडा नं. ३ स्थित कल्लेरी कृषि तथा मत्स्यपालन समूहको लागि अधिक र पानीको भलले पोखरीलाई क्षति पुऱ्याएको हुदाँ संरक्षणको लागि आर्थिक सहायत रु.२०,०००। (अक्षेरुपी बीस हजार मात्र) अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता शीर्षकबाट उपलब्ध उपलब्ध गराउने निर्णय गरियो ।

ञ) भानु नगरपालिका वडा ४ निवासी भानु नगरपालिकाका नगर प्रहरी सहायक निरिक्षकको श्रीमती सोमा रानी घलेलाई महिला सम्बन्धी रोग लागि उपचार गराइरहेको हुदाँ निजलाई आर्थिक सहायता स्वरुप रु. २०,०००। (अक्षेरुपी बीस हजार मात्र) अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता शीर्षकबाट उपलब्ध उपलब्ध गराउने निर्णय गरियो ।

ट) भानु नगरपालिका वडा नं. १० स्थित निर्जला कृषि फर्ममा रहेको १६ वटा बाख्रा विषादी खाँस खाएर मरेको हुदाँ उक्त फर्मलाई आर्थिक सहायत रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार मात्र) अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता शीर्षकबाट उपलब्ध उपलब्ध गराउने निर्णय गरियो।

ठ) भानु वडा नं. २ निवासी जौ माँया बि.क. को अविरल वर्षाको कारणले घरमा क्षति पुर्याएको हुदाँ निजको घरको छाना छाउन जस्तापाता खरिदको लागि मिति २०८३/०२/०१ गतेको आर्थिक सहायता स्वरुप रु.१०,०००। (अक्षेरुपी दश हजार मात्र) दिने निर्णय भएकोमा उक्त निर्णय संशोधन गरी रु.३०,०००। (अक्षेरुपी तीस हजार मात्र) अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ड) भानु नगरपालिका वडा नं. २ अन्तर्गत रहेको ईलाका प्रहरी कार्यालयलाई विद्पबाट जोगाउनको लागि कार्यालय परिसरमा पर्खाल निर्माण गर्नुपर्ने भएकोले पर्खाल निर्माणको लागि रु.५०,०००।(अक्षेरुपी पचास हजार मात्र) विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

ढ) भानु नगरपालिका नगरकार्यपालिकाको कार्यालय, फुस्रेटार तनहुँ र श्री घिसिङ/कुँवर-जे.भी., कोटेश्वर-३२, काठमाडौं बिच मिति २०७८/०४/१४ मा ठेक्का नं. BHMUN/NCB/BLDG/2077/78/14 अन्तर्गत पुरानडिही नगर अस्पताल भवन निर्माण (Construction of 15-Bed Purandihi Hospital) योजनाको निर्माण कार्य जारी रहेकोमा निर्माण कम्पनीको निवेदन तथा प्राविधिक समितिको प्रतिवेदन बमोजिम निर्माण भइरहेको पुरानडिही नगर अस्पतालको Bill of Quantity (BOQ) मा समावेश भएका आइटमहरु (Stone Masonry Wall 1:6, P.C.C. M20, Reinforcement Works, tile flooring works, marble flooring works, water proofing works, screeding works, expansion joint works, neat cement punning 1:1, लगायत) को Quantity Adjust गर्नुपर्ने तथा BOQ मा समावेश नभएका आइटमहरु तर Stone Masonry wall को बलियोपनाका लागि आइटमहरु (Cement Pointing works on Stone Masonry Wall र Supplying and laying 110mm 2.5kgf HDPE pipe for weep holes) को काम थप गर्नुपर्ने भनि प्राविधिबाट प्रतिवेदन पेश भई मिति २०८१/०२/२७ को कार्यपालिका बैठकबाट स्वीकृत भएको र थप काम गरी नगर अस्पताललाई सञ्चालन योग्य बनाउन संशोधित लागत अनुमान अनुसारको भेरिएसन आदेश (Variation Order) स्वीकृत गर्ने निर्णय गरियो। साथै प्राविधिक समितिबाट पेश भएको भेरिएसन आदेश सिट (Variation Order Sheet) सहितको प्रतिवेदन नगरकार्यपालिकाको निर्णयको दस्तावेजको रुपमा रहने निर्णय गरियो।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०३/०९ गते बसेको**

**आ.व.२०८२/०८३ चौधौं बैठकमा छलफलका ऐजेण्डा/प्रस्तावहरुः**

प्रस्ताव/एजेण्डाहरुः-

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको तेह्रौं बैठकको समीक्षा सम्बन्धमा ।
२. नियमावली तथा कार्यविधिहरु सम्बन्धमा ।
३. मालपोत रजिष्ट्रेशन दस्तुर मूल्याङ्कन सम्बन्धमा ।
४. विनियोजन ऐन, २०८३ सम्बन्धमा ।
५. आर्थिक ऐन, २०८३ सम्बन्धमा ।
६. निती तथा कार्यक्रम सम्बन्धमा ।
७. विविध विषय सम्बन्धमा

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

2083/03/03
आनन्द राज त्रिपाठी
प्रमुख